# "फलफूल दशक (आ.व. २०७३/७४-२०८२/८३)"
# सञ्चालन कार्यविधि २०७३

नेपाल सरकार (सचिवस्तर) मिति २०७३।०६।१२ को निर्णय अनुसार स्वीकृत

नेपाल सरकार

कृषि विकास मन्त्रालय

## कृषि विभाग

## फलफूल विकास निर्देशनालय

## कीर्तिपुर, काठमाण्डौ

# "फलफूल दशक (आ.व. २०७३/७४-२०८२/८३)"

# सञ्चालन कार्यविधि २०७३

**प्रस्तावना:**

नेपालमा जलवायु र भौगोलिक विविधताको उच्च अवसरले गर्दा तराई, पहाड र उच्च पहाडी क्षेत्रमा गरी करिव ५०भन्दा बढी किसिमका उन्नत, स्थानीय, रैथाने र जंगली जातका फलफूलहरु पाइन्छन् । कतिपय स्थानीय, रैथाने तथा जंगली अवस्थाका फलफूलहरुको व्यवसायिक महत्व कम भएतापनि यसको पनि बिशिष्ट महत्व रहेको छ । देशको करिव दुई-तिहाई जनसंख्या आश्रित रहेको कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादन (GDP) मा एकतिहाई भन्दा बढी योगदान पुर्याईरहेको छ । कूल कृषि गार्हस्थ उत्पादन (AGDP) मा करिव एक-चौथाई योगदान वागवानी उपं-क्षेत्रको रहेको र यस मध्ये करिव आधा हिस्सा योगदान फलफूलजन्य उत्पादनवाट हुने गरेको देखिन्छ । औद्योगिकीरणका लागि कच्चा पदार्थका साथै फलफूल व्यवसाय खाद्य पोषण सुरक्षा, रोजगारी, निर्यात व्यापार र विदेशी मुद्रा आर्जनगर्न सकिने प्रमुख कृषि उप क्षेत्र हो ।

पछिल्लो तथ्याङ्क अनुसार आ.व.२०७१/७२ सम्म देशमा विभिन्न फलफूल बालीहरुले ढाकेको क्षेत्रफल १,५०,३८७ हेक्टर मध्ये १,१०,८०२ हेक्टर बाट कुल फलफूल उत्पादन तथा उत्पादकत्व क्रमश ९,९२,७०३ मे.टन ८.९६ मे.टन/हे. पुगेको देखिन्छ । । देशभर आबश्यक पर्ने बेर्ना सरकारी तथा नीजि नर्सरीहरुबाट उत्पादन भैरहेका छन् । नेपालमा फलफूलको आयात तथ्याङ्क अनुसार आ.व. २०६६/०६७ मा रु ९० करोडको फलफूल आयात भएकोमा पाँच वर्षको अवधि आ.व.२०७०/२०७१ मा वृद्धि भएर रु.१२ अर्व १८ करोड पुगेको छ । फलफूलको निर्यात स्थिति हेर्दा आ.व. २०६६/०६७ मा रु ४८ करोडको फलफूल नेपालवाट निर्यात भएकोमा आ.व. २०६९/०७० मा घटेर रु ३ करोड ३१ लाख पुगेको तथ्याङ्कले देखाएको छ । फलफूल जन्य उत्पादनहरु जस्तै जुस तथा जाम जस्ता वस्तुहरुको निर्यात आ.व. २०६७/०६८ मा रु १ अर्व ४१ करोड भएकोमा वृद्धि भएर आ.व. २०७०/०७१ मा ४ अर्व ४४ करोडको भएको देखिन्छ तर उक्त उत्पादनमा प्रयोग हुने धेरै जसो कच्चा पदार्थ नियमित रुपले स्वदेशमा आपुर्ति हुनु नसकेकोले भारतवाट आयात भएको पाईन्छ । यसरी फलफूलमा वढ्दै गएको व्यापार घाटा, परनिर्भरतामा आश्रित हुनु पर्ने वास्तविकतालाई मध्य नजर गरीदिगो भरपर्दो तथा परिणाम मुखी कार्यक्रम सञ्चालन गर्न अत्यन्त जरुरी भएको छ ।

फलफूलको आवश्यकता, सम्भाव्यता र प्राथमिकताका आधारमा भौगोलिक विविधता एवं विशिष्टताको सदुपयोग गर्दै सम्भाव्य फलफूल, चिया, कफी, पुष्प आदी वागवानीजन्य बालीहरुको व्यवसायिक एवं प्रतिस्पर्धी खेती प्रणालीको विकास विस्तार गरी उत्पादन तथा उत्पाकत्व वृद्धि, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन, खाद्य तथा पोषण सुरक्षा, गरिवी न्यूनीकरण र जीवनस्तर सुधारमा योगदान पुर्याउने उद्देश्यले फलफूल खेतीमा विशिष्टीकरण एवं व्यवसायीकरण गर्नका लागी अभियानमूखी फलफूल कार्यक्रमहरुको माध्यमवाट आ.व.२०७३/७४ देखी आ.व. २०८२/८३ लाई **"फलफूल दशक"** को रुपमा मनाउनको लागी कार्यक्रमहरु प्रस्ताव गरिएको छ । फलफूल दशक मनाउनको लागी चालु आ.व. २०७३/७४ आधार वर्षको रुपमा रहने छ जस्मा गुणस्तरीय फलफूल विरुवा उत्पादन तथा वितरणको लागी आवश्यक नर्सरी पूर्वाधार (तन्तु प्रजनन् प्रयोगशाला/नेट हाउस/सेड हाउस/ग्रिन हाउस) स्थापना गर्नको लागी पुँजिगत



नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार
सचिव

अनुदानका कार्यक्रमहरु रहने छन् । आ.व. २०७४/७५मा थप पूर्वाधारहरु स्थापना र अघिल्लो वर्ष वनाईएका पुर्वाधारहरुमा विरुवा उत्पादन गरिने छ भने आ.व. २०७५/७६ मा उत्पादित विरुवाहरु वितरण गरी **"फलफूल वर्ष २०७५"** मनाईने छ । फलफूल दशकको शुरुका ५ वर्षमा गुणस्तरिय फलफूलका विरुवा उत्पादन तथा विक्रीवितरण हुने छन् भने त्यस पछिका वर्षमा नयाँ प्रविधि हस्तान्तरण तथा पोष्ट हार्भेष्ट ह्यान्डलिङ्ग तथा प्रोसेसिङ्ग अभिवृद्धिका कार्यक्रमहरु रहने छन् ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम "फलफूल दशक (आ.व.२०७३/७४-२०८२/८३) सञ्चालन कार्यविधि २०७३" रहेको छ ।

१.२ यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मिति बाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय बा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१"फलफूल दशक" भन्नाले नेपाल सरकारबाट फलफूल व्यवसाय प्रर्वद्धनको लागी सञ्चालन हुने तन्तु प्रजनन् प्रयोगशाला, नर्सरी स्थापना तथा व्यवस्थापन, नयाँ नेट हाउस/सेड हाउस/ग्रिन हाउस निर्माण तथा पुराना सुदृढिकरणका कार्यक्रम,तालिम तथा गोष्ठि र अन्य उत्पादन तथाप्रशोधन, उत्पादकत्व वृद्धि कार्यक्रम, बजारीकरण तथा पोष्टहार्भेष्ट कृयाकलापलाई व्यवस्थित तथा सुदृढिकरण गर्न आ.व. २०७३/७४ देखी आ.व. २०८२/८३ सम्म सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमलाई सम्झनुपर्छ ।

२.२"कार्यक्रम" भन्नाले फलफूल दशक (आ.व. २०७३/७४-२०८२/८३) कार्यक्रम सम्झनु पर्छ ।

२.३"खेती" भन्नाले फलफूल खेती सम्झनुपर्छ ।

२.४"निर्देशनालय" भन्नाले नेपाल सरकार, कृषि विकास मन्त्रालय, कृषि विभाग अन्तर्गतको फलफूल विकास निर्देशनालय सम्झनुपर्छ ।

२.५ "केन्द्र" भन्नाले कृषि विभाग अन्तर्गतका फलफूल विकास निर्देशनालय र तरकारी विकास निर्देशनालय अन्तर्गतका वागवानी फार्म/केन्द्रहरु र नेपाल कृषि अनुसन्धान परिषदका वागवानी अनुसन्धान केन्द्रहरु भन्ने सम्झनुपर्छ ।

**३. मूल लक्ष्यः**

फलफूल ब्यबसायलाई अभियानकै रुपमा ब्यापक विस्तार गरी आगामी १० वर्ष भित्र मुख्य फलफूलहरु (आँप, लिची, केरा, सुन्तला, कागती, ज्यामिर, स्याउ, आदी) मा देशलाई आत्मनिर्भर हुन योगदान गर्नुका साथै निर्यात प्रबर्द्धन गर्ने ।

**४. उद्देश्यहरुः**

४.१मुख्य फलफूलहरुको गुणस्तरीय विरुवा उत्पादन गरी क्षेत्रफल बिस्तार र वगैचा सुदृढिकरणका माध्यमद्वारा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

४.२ फलफूलको उपभोगस्तर बढाइ सर्वसाधारणको खाद्य सुरक्षा र पोषण अवस्थामा सुधार गर्ने,

४.३ सम्भाव्य फलफूलमा आत्मनिर्भरता वढाई आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने,

४.४ फलफूलवालीमा अनुसन्धान र मुल्य श्रृङ्खलाका कृयाकलापहरुको सञ्चालन गरी रोजगारी तथा आयस्तर वृद्धि गर्ने,

४.५ विभिन्न देशका फलफूलका नयाँ प्रविधि र उन्नत जातहरुको पहिचान गरी संभाव्यताको आधारमा व्यापक विस्तार गर्ने,

४.६ वागवानीमा आधारित पर्यटन विस्तार, भू-क्षय रोकथाम तथा वातावरण संरक्षणजस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।

## परिच्छेद २

## आयोजनाको छनौट तथा कार्यक्रम सञ्चालन

**५.आयोजना क्षेत्रको छनौट गरी लागु गरिने**

५.१ आ.व. २०७३/७४ र आ.व. २०७४/७५ मा सम्भाव्यताको आधारमा नेपाल सरकारबाट जिल्लाहरुमा फलफूलको गुणस्तरिय विरुवा उत्पादन गर्नको लागी तन्तु प्रजनन् प्रयोगशाला, नयाँ नर्सरी स्थापना तथा पुराना नर्सरी सुदृढिकरणका कार्यक्रमहरु सञ्चालन गरिने छ । जिल्लाहरुमा सम्भावना तथा मागका आधारमा पूर्वाधार विकास तथा प्रविधि विकासका कार्यक्रम सञ्चालन गरिने छ ।

५.२ उपदफा (५.१) बमोजिम छनौट गरिएका जिल्लाहरुमा उत्पादित गुणस्तरिय फलफूल विरुवा फलफूल वर्ष २०७५ मनाउने शिलशिलामा ७५ वटै जिल्लाहरुमा सम्भावना तथा मागका. आधारमा उपलब्ध गराईने छ ।

५.३ उपदफा (५.१) बमोजिमको जिल्लाहरु छनौट गर्दा आ.ब. २०७३/७४ का लागी फलफूल वाली विशेष अनुसार निम्न लिखित वालीहरुमा नर्सरी सख्याहरु छनौट गरी निर्धारण गरिने छन् ।

| फलफूलको वर्गिकरण | फलफूल वालीहरु | नर्सरी संख्या |
|---|---|---|
| शितोष्ण फलफूल<br>Temperate Fruits | स्याउ, ओखर र खुर्पानी | १० |
| सम शितोष्ण फलफूल<br>Warm temperate fruits | अनार, लप्सी, किवी फल, नासपति, हलुवावेद | २० |
| उपोष्ण फलफूल<br>Sub tropical fruits | सुन्तला, कागती, जुनार | २० |
| उष्ण फलफूल<br>Tropical fruits | आँप, लिची, केरा, मेवा | २० |
| Plantation crops | कफी तथा चिया | ५ |
| जम्मा जिल्ला | | ७५ |

**नोट:** फलफूलका गुणस्तरीय विरुवा उत्पादन गर्नेको लागी सम्भाव्यता र वार्षिक स्वीकृत कार्यक्रमका आधारमा फलफूल वाली तथा जिल्लाहरु थपघट गर्न सकिने छ ।



सचिव

५.४ पुर्वाधार विकासकालागी जिल्ला छनौट तथा निर्धारण

उपददफा (५.३) मा उल्लेख भएका फलफूल वालीहरुका लागी निम्न लिखित जिल्लाहरु र अन्य सम्भावित फलफूल वालीहरुको लागी सम्भावना तथा मागका आधारमा पुर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गरिने छन्

| क सं. | | कार्यालय | इकाई | नर्सरी संख्या |
|---|---|---|---|---|
| फलफूलको बेर्ना उत्पादनको लागि निजी तथा समुह /सहकारीलाई अनुदान दिने | | | | |
| ५.४.१ | शितोष्ण फलफूल (स्याउ, ओखर, खुर्पानी) -Temperate Fruits (Apple, walnut, apricot) | | | |
| | १.१ | जि कृ वि का, जुम्ला | सख्या | १ |
| | १.२ | जि कृ वि का, हुम्ला | सख्या | १ |
| | १.३ | जि कृ वि का, डोल्पा | सख्या | १ |
| | १.४ | जि कृ वि का, मुगु | सख्या | १ |
| | १.५ | जि कृ वि का, कालीकोट | सख्या | १ |
| | १.६ | जि कृ वि का, मुस्ताङ्ग | सख्या | १ |
| | १.७ | जि कृ वि का, मनाङ्ग | सख्या | १ |
| | १.८ | जि कृ वि का, रसुवा | सख्या | १ |
| | १.९ | जि कृ वि का, सोलु | सख्या | १ |
| | १.१० | जि कृ वि का, वैतडी | सख्या | १ |
| | | जम्मा | | १० |
| ५.४.२ | सम शितोष्ण फलफूल (अनार, लप्सी, किवी फल, नासपती, हलुवावेद)-Warm temperate Fruits (Pomegranate, Hog plum, Kiwi fruit, Pear, Persimmom) | | | |
| | २.१ | जि कृ वि का, दोलखा | सख्या | २ |
| | २.२ | जि कृ वि का, सिन्धुपाल्चोक | सख्या | २ |
| | २.३ | जि कृ वि का, ईलाम | सख्या | २ |
| | २.४ | जि कृ वि का, भक्तपुर | सख्या | २ |
| | २.५ | जि कृ वि का, सिन्धुली | सख्या | २ |
| | २.६ | जि कृ वि का, धादिङ्ग | सख्या | २ |
| | २.७ | जि कृ वि का, सल्यान | सख्या | २ |
| | २.८ | जि कृ वि का, दैलेख | सख्या | २ |
| | २.९ | जि कृ वि का, काठमाण्डौ | सख्या | २ |
| | २.१० | जि कृ वि का, मकवानपुर | सख्या | २ |
| | | जम्मा | | २० |
| ५.४.३ | उपोष्ण फलफूल (सुन्तला, कागती र जुनार) -Sub tropical fruits (Citrus-Mandarin orange,lime and sweet orange) | | | |
| | ३.१ | जि कृ वि का, भोजपुर | सख्या | १ |
| | ३.२ | जि कृ वि का, उदयपुर | सख्या | १ |
| | ३.३ | जि कृ वि का, तेह्रथुम | सख्या | १ |
| | ३.४ | जि कृ वि का, धनकुटा | सख्या | १ |

| क सं. | | कार्यालय | इकाई | नर्सरी संख्या |
|---|---|---|---|---|
| | ३.५ | जि कृ वि का, पाल्पा | सख्या | १ |
| | ३.६ | जि कृ वि का, वार्लुङ्ग | सख्या | १ |
| | ३.७ | जि कृ वि का, कास्की | सख्या | १ |
| | ३.८ | जि कृ वि का, चितवन | सख्या | १ |
| | ३.९ | जि कृ वि का, रामेछाप | सख्या | १ |
| | ३.१० | जि कृ वि का, काभ्रेपलाञ्चोक | सख्या | १ |
| | ३.११ | जि कृ वि का, गोरखा | सख्या | २ |
| | ३.१२ | जि कृ वि का, तनहुँ | सख्या | १ |
| | ३.१३ | जि कृ वि का, अर्घाखाँची | सख्या | १ |
| | ३.१४ | जि कृ वि का, सल्यान | सख्या | १ |
| | ३.१५ | जि कृ वि का, दैलेख | सख्या | १ |
| | ३.१६ | जि कृ वि का, डोटी | सख्या | १ |
| | ३.१७ | जि कृ वि का, डडेलधुरा | सख्या | १ |
| | ३.१८ | जि कृ वि का, कैलाली | सख्या | १ |
| | ३.१९ | जि कृ वि का, स्याङ्गजा | सख्या | १ |
| | | जम्मा | | २० |
| ५.४.४ | Plantation Crops (Coffee and Tea) | | | |
| | ४.१ | जि कृ वि का, पाल्पा | सख्या | १ |
| | ४.२ | जि कृ वि का, गुल्मी | सख्या | १ |
| | ४.३ | जि कृ वि का, नुवाकोट | सख्या | १ |
| | ४.४ | जि कृ वि का, ललितपुर | सख्या | १ |
| | ४.५ | जि कृ वि का, इलाम | सख्या | १ |
| | | जम्मा | | ५ |
| ५.४.५ | उष्ण फलफूल -Tropical Fruits (Mango, litchi, Banana, Papaya) | | | |
| | ५.१ | जि कृ वि का, वारा | सख्या | २ |
| | ५.२ | जि कृ वि का, रौतहट | सख्या | २ |
| | ५.३ | जि कृ वि का, सिराह | सख्या | २ |
| | ५.४ | जि कृ वि का, सप्तरी | सख्या | २ |
| | ५.५ | जि कृ वि का, सर्लाही | सख्या | २ |
| | ५.६ | जि कृ वि का, रुपन्देही | सख्या | २ |
| | ५.७ | जि कृ वि का, वाँके | सख्या | २ |
| | ५.८ | जि कृ वि का, वर्दिया | सख्या | २ |
| | ५.९ | जि कृ वि का, सुर्खेत | सख्या | २ |
| | ५.१० | जि कृ वि का, कञ्चनपुर | सख्या | २ |
| | | जम्मा | | २० |
| ५.४.६ | जैतुनको निजी नर्सरी स्थापना -नेट हाउस/सेड हाउस समेतको-७५ प्रतिशत अनुदानमा) | | | |
| | ६.१ | फ. वि.नि, कीर्तिपुर | सख्या | १० |



सचिव नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

| क सं. | | कार्यालय | इकाई | नर्सरी संख्या |
|---|---|---|---|---|
| ५.४.७ | केराकोटिस्यु कल्चर ल्याव स्थापना/निर्माण तथा सन्चालनका लागि पुजिगत निर्माणमा ५०प्रतिशत अनुदानमा | | | |
| | ७.१ | फ. वि.नि, कीर्तिपुर | सख्या | २ |
| ५.४.८ | जैतुननर्सरी स्थापनाको लागि निजी र सरकारी नर्सरीहरुका लागी सहयोग कार्यक्रम | | | |
| | ८.१ | फ. वि.नि, कीर्तिपुर | सख्या | २ |
| | | कुल जम्मा | | ८९ |

**पुनश्च:** पुर्वाधार विकासका कार्यक्रमहरु गर्नका लागी वुँदा नम्वर ५.४.१, ५.४.२, ५.४.३, ५.४.४ र ५.४.५ सञ्चालन सम्वन्धित जिल्ला कृषि विकास कार्यालय हरुलाईनै कार्यक्रम र अख्तियारी दिई कार्यक्रम सञ्चालन गरिने छ । वुँदा नम्वर ५.४.६, ५.४.७ र ५.४.८ सञ्चालन गर्न फलफूल विकास निर्देशनालयले खुल्ला वोलपत्र आह्वान मार्फत छनौट गरि कार्यक्रम केन्द्रवाटनै हुने छ । उल्लेखित कार्यक्रमहरु सञ्चालन "फलफूल विरुवा उत्पादन पुर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७३" अनुसार हुने छ ।

## ६.संचालन हुने मुख्य कार्यक्रम तथा विधि:

**"फलफूल दशक"** कार्यक्रम सञ्चालनको लागि आयोजना छनौट भएका जिल्लाहरुमा सञ्चालन हुने कार्यक्रम तथा कार्यविधि देहाय अनुसार हुनेछ:

| कार्यक्रमको नाम | फलफुलको नाम | मुख्य मुख्य कृयाकलाप | जिम्मेवार निकाय , तथा व्यक्ति |
|---|---|---|---|
| ६.१ गुणस्तरिय फलफूल विरुवा उत्पादन कार्यक्रम | उपदफा ५.३ मा उल्लेखित फलफूल वालीहरु | ६.१.१ फार्म/केन्द्रहरुमा नयाँ नर्सरी, पुर्वाधार विकास तथा गुणस्तरिय विरुवा उत्पादन,<br>६.१.२ कृषक स्तरमा नया नर्सरी स्थापना तथा पुराना सुदृढिकरण,<br>६.१.३ तन्तु प्रजनन् प्रविधि, जालि घर निर्माण<br>६.१.४ वड उड सर्टिफिकेसन,<br>६.१.५ प्राविधिक तथा नर्सरीधनी कृषकहरुको भ्रमण र तालिम | जिल्ला कृषि विकास कार्यालयहरु, वागवानी फार्म/केन्द्रहरु,निजी नर्सरीहरु, कृषक समुह तथा सहकारी, निजी कम्पनीतथा फलफूल विकास निर्देशनालय |
| ६.२फलफूल पकेटक्षेत्र विस्तार कार्यक्रम | उपदफा ५.३ मा उल्लेखित फलफूल वालीहरु | ६.२.१ नयाँ वगैचा स्थापनाको लागी निजी नर्सरीहरु, कृषक समुह तथा सहकारी, निजी कम्पनी को छनौट,<br>६.२.२ कृषकहरुको स्थलगत तथा जिल्ला स्तरिय तालिम,<br>६.२.३ विरुवा तथा अन्य कृषि सामाग्री ढुवानी कार्यक्रम,<br>६.२.४ बिरुवा तथा अन्य आवश्यक सामाग्री अनुदानमा वितरण,<br>६.२.५ उच्च घनत्वको वगैचा स्थापना । | जिल्ला कृषि विकास कार्यालयहरु, निजी नर्सरीहरु, कृषक समुह तथा सहकारी, निजी कम्पनी तथा फलफूल विकास निर्देशनालय |

| कार्यक्रमको नाम | फलफूलको नाम | मुख्य मुख्य कृयाकलाप | जिम्मेवार निकाय तथा व्यक्ति |
|---|---|---|---|
| ६.३ उदयिमान फलफूल वाली प्रवर्द्धन कार्यक्रम | अनार, कीवि, जैतुन, कागजी वदाम | ६.३.१ नयाँ वगैचा स्थापनाको लागी कृषक समुहको छनौट,<br>६.३.२ बिरुवा तथा अन्य आवश्यक सामाग्री अनुदानमा वितरण,<br>६.३.३ कृषकहरुको स्थलगत तथा जिल्लास्तरिय तालिम,<br>६.३.४ उच्च घनत्वको वगैचा स्थापना । | जिल्ला कृषि विकास कार्यालयहरु, नेपाल कृषि अनुसन्धान परिषद (ने.कृ.अ.प.), निजी नर्सरीहरु, कृषक समुह तथा सहकारी, निजी कम्पनी तथा फलफूल विकास निर्देशनालय |
| ६.४ सम्भावना वोकेका फलफूल वालीको जातहरु विदेशवाट आयात गर्ने | उपदफा ५.३ मा उल्लेखित फलफूल वालीहरु | ६.४.१ गुणस्तरिय विरुवाको जातहरु (रुटस्टक र सायन) आयात गर्ने<br>६.४.२ आयातित जातहरु फार्म/केन्द्रहरुमा रोपणगरी विरुवा उत्पादन गर्ने | फलफूल विकास निर्देशनालय तथा ने.कृ.अ.प., र विभाग तथा परिषद अन्तर्गतका वागवानी फार्म/केन्द्रहरु |
| ६.५ फलफूलको मुल्य श्रृङ्खलां (Value chain) कार्यक्रम | आँप, लीची, केरा, सुन्तला, जुनार, कागती, कफी, चिया, स्याउ र ओखर | ६.५.१ फलफूलको रोपण देखी वगैचा व्यवस्थापन,<br>६.५.२ टिपाई, भण्डारण, प्रसोधन तथा वजारिकरण,<br>६.५.३ निर्यात र उपभोक्तासम्म गुणस्तरिय फलफूल उपलव्ध गराउने,<br>६.५.४ वागवानी औजार वितरण, | जिल्ला कृषि विकास कार्यालयहरु, फलफूलको खुद्रा तथा थोक विक्रेताहरु, फलफूल प्रसोधन उद्योगहरु, कृषक समुह तथा सहकारीहरु, निजी कम्पनीतथा फलफूल विकास निर्देशनालय |
| ६.६ वागवानी पर्यटन (Horti-tourism) प्रवर्द्धन कार्यक्रम | पुष्प, सुन्तला, स्याउ, आँप, आदी | ६.६.१ नमुना फलफूल वगैचा स्थापना,<br>६.६.२ फलफूल वगैचा सुदृढिकरण कार्यक्रम,<br>६.६.३ फलफूल वगैचामा प्रविधि हस्तान्तरण,<br>६.६.४ फलफूलमा आधारित उद्योग प्रवर्द्धन कार्यक्रम ।<br>६.६.५ एकिकृत फार्महरुको विकास | जिल्ला कृषि विकास कार्यालयहरु तथा फलफूल विकास निर्देशनालय |
| ६.७ प्रविधि हस्तान्तरण कार्यक्रम | सवै हिउँदे तथा वर्षे फलफूलहरु | ६.७.१ प्राविधिकहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय भ्रमण, तालिम तथा सम्मेलनका कार्यक्रम<br>६.७.२ अगुवा कृषक तथा प्राविधिकहरुको लागी जिल्ला तथा केन्द्रिय स्तर तालिम<br>६.७.३ जिल्ला तथा केन्द्र स्तरको गोष्ठि,<br>६.७.४ फलफूल मेला प्रदर्शनी,<br>६.७.५ फलफूलको प्राविधिक वुकलेट, लिफलेट, पम्पलेट, फोल्डर, फलफूल विशेषांकहरु, Fruit compendium | जि.कृ.वि.का.हरु, ने.कृ.अ.प., कृषि तालिम निर्देशनालय र फलफूल विकास निर्देशनालय |



नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

| कार्यक्रमको नाम | फलफूलको नाम | मुख्य मुख्य कृयाकलाप | जिम्मेवार निकाय तथा व्यक्ति |
|---|---|---|---|
| | | प्रकाशन तथा वितरण<br>६.७.६ राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलनहरु<br>६.७.७ फलफूल वालीका जानकारी मूलक सन्देश प्रवाहको लागी APPs वनाउने | |
| ६.८अनुसन्धानात्मक कार्यक्रम | मुख्य मुख्य फलफूल वालीहरु | ६.८.१ फलफूलमा जातिय तथा समस्यामूलक प्रविधि विकास सम्वन्धि कार्यक्रमहरु सञ्चालन गर्ने<br>६.८.२ सामाजिक, आर्थिक विश्लेशनात्मक अध्ययन अनुसन्धान | ने.कृ.अ.प. तथा अन्तर्गतका फार्म/केन्द्रहरु,कृषि सम्वन्धि अध्ययन अध्यापन गर्ने शिक्षण संस्थाहरु,फलफूल विकास निर्देशनालय र वागवानी फार्म केन्द्रहरु |
| ६.९कार्यक्रम तयारी व्यवस्था | सवै हिउँदे तथा वर्षे फलफूलहरु | ६.९.१ कार्यक्रम लागु भएका जिल्लाका जिल्ला कृषि विकास कार्यालयहरु लगायत सरोकारवाला सहभागी हरुको अन्तरक्रिया संचालन गरिने छ,<br>६.९.२ कृषक स्तर (जिल्ला स्तरिय, सेवा केन्द्र स्तरिय, तथा स्थलगत घुम्ती) तालिमको लागि आवश्यक पर्ने व्यवस्था तथा पाठ्यक्रमको विकास गरिने छ । | जि.कृ.वि.का.हरु,फलफूल विकास निर्देशनालय, कृषि विभाग र कृषि तालिम निर्देशनालय |
| ६.१०कृषक समुह छनौट | सवै हिउँदे तथा वर्षे फलफूलहरु | ६.१०.१ समुह गठन कृषक समूह छनौट गर्दा जि.कृ.वि.का., कृ. विभाग तथा ने.कृ.अ.प.का फार्म/केन्द्रहरुले संचालन गर्दै आएका तथा विगतमा समुह नभएका तर व्यवसायिक फलफूल उत्पादनमा संलग्न समुह तथा सम्भाव्य पकेटमा मात्र नयाँ समुह निर्माण गरी कार्य सन्चालन गरिनेछ । | जि.कृ.वि.का.हरु, कृ.विभाग तथाने.कृ.अ.प.का फार्म/केन्द्रहरु, फलफूल सहकारी/कम्पनिहरु र फलफूल विकास निर्देशनालय |
| ६.११ अनुगमन तथा मुल्याङ्कन व्यवस्था | सवै फलफूलहरुमा | ६.११.१ सञ्चालित कार्यक्रम सञ्चालन क्रममा जिल्ला, फलफूल वाली, नर्सरी छनौट गर्ने क्रममा तथा लक्ष्य अनुरुप प्रगति भए नभएको निरिक्षण गर्न | जि.कृ.वि.का.हरु, क्षे. कृ. नि. हरु, कृषि.विभाग, कृ.वि.म., रा.यो.आ., अर्थ मन्त्रालय तथाने.कृ.अ.प.का फार्म/केन्द्रहरुर फलफूल विकास निर्देशनालय |

**७. प्रमुख भूमिका र जिम्मेवारी तोकिने :**

७.१ कार्यक्रमलाई सुचारु रुपले सञ्चालन गराउन नेपाल सरकारका विभिन्न निकाय तथा पदाधिकारीहरुलाई कार्यक्रम कार्यान्वयन सम्वन्धमा जिम्मेवारी तथा भूमिका समेत तोकिनेछ ।

७.२ फलफूल दशक कार्यक्रम सञ्चालन को मुख्य जिम्मेवारी फलफूल विकास निर्देशनालयको रहने छ ।



सचिव

नेपाल सरकार कृषि विकास मन्त्रालय सिंहदरबार

७.३जिल्लामा सञ्चालन हुने कार्यक्रमहरु लाई सम्वन्धित जि.कृ.वि.का. हरुका कार्यालय प्रमुख तथा वागवानी विकास अधिकृत (नभएको अवस्थामा तोकिएको अधिकृत) लाई जिम्मेवार व्यक्ति तोकिने छ भने वागवानी फार्म/केन्द्रहरुमा केन्द्र प्रमुख जिम्मेवार हुनेछन् ।शिक्षण संस्थाहरु तथा नेपाल कृषि अनुसन्धान परिषदका निकायहरु आ–आफ्नो कार्य क्षेत्रमाप्रमुख जिम्मेवार हुनेछन् ।

**८. खर्च सम्वन्धी व्यवस्थाः**

८.१ **"फलफूल दशक"**कार्यक्रम कार्यान्वयनको लागि आवश्यक वजेट रकम नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार कृषि विभागबाट अख्तियारी सम्वन्धित निकाय, फलफूल विकास निर्देशनालय, र अन्तर्गतका वागवानी फार्म तथा केन्द्रहरु तथा सम्वन्धित जिल्ला कृषि विकास कार्यालयहरुमा पठाईनेछ ।

८.२ नेपाल कृषि अनुसन्धान परिषद तथा शिक्षण संस्थानहरुको हकमा कृषि विकास मन्त्रालयवाट कार्यक्रम सञ्चालन गर्नको लागी कार्यक्रम र अख्तियारी सम्वन्धित कार्यालयहरुमा पठाईने छ ।

८.३ कार्यक्रम सञ्चालनको लागि प्राप्त रकम सम्वन्धित कार्यालयहरुबाट कार्यविधिमा उल्लेखित रकम प्रचलित कानुन तथा प्रचलित नर्मस् को आधारमा खर्च गर्नु पर्नेछ ।

८.४ कार्यक्रम सञ्चालनको सम्वन्धमा उपलव्ध गराईने अनुदान रकम तथा खर्चको नर्मस परिच्छेद ३ मा तोकिए बमोजिम हुनेछ ।

**९. प्रगति प्रतिवेदन पठाउनु पर्नेः**

९.१ कार्यक्रम सञ्चालन भएका जिल्लाका जिल्ला कृषि विकास कार्यालय र वागवानी फार्म/केन्द्रहरुले सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन मासिक, चौमासिक तथा वार्षिक रुपमा सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालय, र फलफूल विकास निर्देशनालयलाई नियमित रुपमा पठाउनुपर्नेछ ।

९.३ उपदफा (९.१) बमोजिम प्राप्त हुन आएका प्रगति प्रतिवेदनहरुलाई सम्वन्धित क्षेत्रिय कृषि निर्देशनालयहरुले आ-आफ्नो क्षेत्रका कार्यालयहरुको प्रगति कम्पाईल गरी फलफूल विकास निर्देशनालय र कृषि विभागमा पठाउने र फलफूल विकास निर्देशनालयले एकमुष्ट कम्पाईलगरी विक्षेषणात्मक प्रतिक्रिया सहित कृषि विभागमा पठाउनु पर्नेछ ।

**१०.अनुगमन सम्वन्धी व्यवस्था :**

१०.१ कार्यक्रम निर्धारित लक्ष्यका साथ सञ्चालन भएको छ वा छैन भनि सो कार्यक्रम सञ्चालन भएको तल्लो तहसम्म अनुगमनको कार्य सञ्चालन गरिनेछ ।

१०.२ कार्यक्रम सञ्चालन भएका क्षेत्रका किसानहरुले के कसरी कार्यान्वयन गरेका छन भन्ने सम्वन्धमा सम्वन्धित जिल्ला कृषि विकास कार्यालय, फार्म तथा केन्द्रहरु, नेपाल कृषि अनुशन्धान परिषद र फलफूल विकास निर्देशनालयबाट आफुसंग सम्बन्धित कार्यक्रम संचालन क्षेत्रहरुमा अनुगमन गरिनेछ ।

१०.३ सम्वन्धित क्षेत्रीय कृषि निर्देशनालयबाट आफुसंग सम्बन्धित कार्यक्रम संचालन हुने जिल्लाहरुको अनुगमन निरीक्षण गरिने छ र कृषि विभाग, कृषि विकास मन्त्रालय, अर्थ मन्त्रालय तथा राष्ट्रिय योजना आयोग सहितको केन्द्रिय अनुगमन टोलीवाट समेत सयुक्त वा छुट्टाछुट्टै कार्यक्रम कार्यान्वयनका सम्वन्धमा अनुगमन गरिनेछ ।

सचिव

१०.४ उपदफा (१०.२) र (१०.३) बमोजिम अनुगमन गर्दा लक्षित अनुगमन कार्यको समय सीमा र अनुगमन गर्ने व्यक्ति समेत तोकी कार्यक्रम तयार गरी सोही अनुरुप अनुगमन कार्य सम्पन्न गरिनेछ।

१०.५ यस दफा बमोजिम अनुगमन गर्न जाने व्यक्ति वा टोलीले अनुगमन कार्य सम्पन्न गरिसकेपछि आँफुले अनुगमनमा देखेका कुराहरु सहितको प्रतिवेदन आँफू बहाल रहेको कार्यालयमा तथा फलफूल विकास निर्देशनालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

**११. अपेक्षित उपलब्धिहरु**

"फलफूल दशक" कार्यक्रम सञ्चालनवाट निम्न लिखित अपेक्षित उपलब्धि हुने छ ।

**११.१ मानिसको पोषण अवस्थामा सुधार हुने**

यस कार्यक्रमवाट हालको फलफूलको प्रति व्यक्ति उपलव्धता ३२ के. जी. रहेकोमा अवको दश वर्षमा ४६ के. जी. पुग्ने छ ।

**११.२ फलफूलको व्यवसायिकरणमा योगदान पुग्ने**

फलफूलको व्यवसायिकरण गर्दा दिर्घकालीन कृषि योजना, कृषि विकास रणनिती तथा प्रधानमन्त्री कृषि आधुनिकरण आयोजनाको मर्म अनुसारनै विभिन्न भौगोलिक क्षेत्रहरुमा सम्भावनाका आधारमा फलफूलको व्यवसायिक कार्यक्रम संचालन हुने छन् ।

**११.३ गरिवी निवारणमा टेवा पुग्ने**

फलफूल वालीको व्यवसायिक कार्यक्रमलें ग्रामीण स्तरमा गरीवी निवारण कार्यक्रममा ठुलो योगदान पुर्याउन सकिने छ ।

**११.४ वेरोजगारीको समस्या समाधान हुने**

फलफूलको नर्सरी तथा वगैचा स्थापना, स्याहार सम्भार, फल टिपाई, फल भण्डारण तथा फलफूलमा आधारित प्रसोधन उद्योगहरु र फलफूल वजार व्यवस्थापन जस्ता व्यवसायहरुले रोजगारका अवसरहरु सृजना हुनेछन् । प्रति हेक्टर फलफूल खेती गर्दा कम्तीमा पनि २.१५ कामदार प्रति वर्ष लाग्नेहुनाले फलफूल खेती व्यवसायिक कार्यक्रमवाट मात्र पनि कम्तीमा २,५०,००० थप कामदारले रोजगारी पाउने छन् ।यस अलावा फलफूल सम्वन्धी मूल्य श्रृङ्खला र वागवानी पर्यटन जस्ता कार्यमा रोजगारको हिसाव गर्दा थप २,५०,००० थप कामदारले रोजगारी पाउने छन् ।

**११.५ सामाजिक समावेशिकरणमा योगदान पुग्ने**

वर्षौदेखी विकासको मूल धारवाट वञ्चित भएकार पिछडिएका महिला,दलित, जनजाती तथा अन्य उपेक्षित वर्ग र समुदायको आर्थिक,सामाजिक रुपान्तरण हुने अपेक्षा गरिएको छ ।

**११.६ क्षेत्रिय विकास तथा क्षेत्रिय सन्तुलनमा टेवा पुग्ने**

विभिन्न भौगोलिक हावापानी र सम्भावनाका आधारमा क्षेत्रगत रुपमा फलफूलको खेती लाई प्राथामिकतामा राखी कार्यक्रम सञ्चालन गरिने हुनाले क्षेत्रिय विकास र सन्तुलनमा सहयोग पुग्ने छ ।मुख्य गरी उच्च

सचिव

पहाडमा स्याउ खेती, मध्य पहाडमा सुन्तलाजात फलफूल खेती र तराईमा आँप,लिची र केरा खेतीको प्रवर्द्धन गरिने छ ।

**११.७ संस्थागत विकास तथा सुशासनमा योगदान पुग्ने**

कार्यक्रम संचालनको लागी थप कृषक समुह तथा सहकारीको आवश्यकता पर्ने हुनाले वाली विशेषका विभिन्न संस्थाहरुको विकास तथा विस्तार हुने छ ।

**११.८ जैविक विविधता तथा पर्यावरण सन्तुलनमा योगदान पुग्ने**

कार्यक्रमवाट विभिन्न जातका फलफूलहरुको क्षेत्र विस्तार हुनुका साथसाथै स्थानीय फलफूल वालीहरुको पनि संरक्षण र सम्वर्द्दनमा सहयोग पुग्ने छ ।

**१२. कार्यक्रम संचालनमा विभिन्न निकायहरुको भुमिका**

कार्यक्रम संचालनमा तहगत निकायहरुको भूमिका यस प्रकार हुनेछ ।

- व्यवस्थापकिय तथा नियमन: कृषि विकास मन्त्रालय र कृषि बिभाग
- प्राबिधिक व्यवस्थापन तथा कार्यक्रम संचालन निर्देशन: फलफूल बिकास निर्देशनालय
- सहयोगि निकाय: कृषि अनुसन्धान परिषद,तरकारी विकास निर्देशनालय,बाली संरक्षण निर्देशनालय, पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार बिकास निर्देशनालय, माटो व्यवस्थापन निर्देशनालय, कृषि सूचना तथा संचार केन्द्र, कृषि तालिम निर्देशनालय, कृषि ईन्जिनियरिङ्ग निर्देशनालय, क्षेत्रिय कृषि निर्देशनालयहरु, शिक्षण संस्थाहरु आदी ।
- कार्यक्रम संचालन: जिल्ला कृषिबिकास कार्यालयहरु, वागवानी फार्म/केन्द्रहरु
- सामाजिक परिचालन: पकेट क्षेत्रका स्थानीय गैर सरकारी संस्थाहरु
- सामाग्री आपूर्ति: एग्रोभेट तथा ट्रेडिङ्ग कन्सर्नहरु
- अन्य सहभागि संस्था: फलफूलसंग सम्वन्धित वोर्ड,राष्ट्रिय तथाअन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु,कृषि समुह/सहकारी तथा व्यवसायिक संघ संस्थाहरु



सचिव

## परिच्छेद ३

**१३. कार्यक्रम संचालन सम्वन्धि नर्मस् (Norms)**

१३.१ गुणस्तरिय विरुवा उत्पादनको लागी निजी नर्सरी धनी, कृषक समुह तथा कृषि सहकारी, कृषि उद्यमी हरुलाई पुर्वाधार (नेट हाउस/सेड हाउस/ग्रिन हाउस) विकासका लागी जैतुन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि अनुसार ७५% अनुदानमा नयाँ नर्सरी स्थापना तथा पुराना नर्सरी सुदृढिकरणमा अनुदान उपलव्ध गराउने ।

१३.२ टिस्यु कल्चर ल्याव स्थापना/निर्माण तथा सञ्चालनका लागि पुँजिगत निर्माणमा ५०% अनुदान उपलव्ध गराईने छ ।

१३.३ पुर्वाधार विकासका कार्यक्रमहरु सञ्चालन गर्नका लागी "फलफूल विरुवा उत्पादन पुर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७३" अनुसार हुने छ ।

१३.४ अन्य कार्यक्रमहरु सञ्चालनको हकमा कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथा नर्मस र सार्वजनिक खरिदऐन २०६३ तथा नियमावलि २०६४ अनुसारको हुने छ ।

सचिव